# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)


पत्र संख्या :

चलानी नं. :

Ref. No.

## प्रेश विज्ञप्ति

साधारण लगानीकर्ता संघ, नेपाल इन्भेस्टर्स फोरम तथा नेपाल धितोपत्र लगानीकर्ता संघद्वारा २२ सुत्रिय माग राखी नेपाल स्टक एक्सचेञ्ज (नेप्से) मा हुने धितोपत्रहरुको दोस्रो बजार कारोबारलाई प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पार्ने विरोधका कार्यक्रम सार्वजनिक गरिएकोमा नेप्सेको गम्भीर ध्यान आकर्षण भएको छ ।

नेप्से सूचीकृत धितोपत्रहरुको दोस्रो कारोबारमार्फत सम्पूर्ण लगानीकर्ताको लगानीमा तरलता उपलब्ध गराउने तथा धितोपत्रहरुको माग र आपूर्तिको पूर्ण प्रतिस्पर्धात्मक कारोबार स्थल भएको सर्वविदितै छ । स्टक एक्सचेन्जको परिसूचकलाई मुलूकको समग्र आर्थिक ब्यारोमिटरको रुपमा लिइन्छ । यस सन्दर्भमा उल्लेखित लगानीकर्ता संघहरुले आफ्नो अधिकार संरक्षणका लागि नियमित कारोबार हुने यस किसिमको बजारको कार्यवाहीमा अवरोध पुऱ्याउने कार्य उचित नभएको नेप्सेको ठहर छ ।

तसर्थ, समग्र पूँजी बजारको विकास र लगानीकर्ताको हित संरक्षणमा सदैव सकारात्मक रहेको यस स्टक एक्सचेन्ज सम्पूर्ण लगानीकर्ता, उल्लेखित संघहरु तथा सदस्यहरुमा संवेदनशील भइ यथाशिघ्र कारोबार सूचारु गर्न सहयोगका लागि अनुरोध गर्दछ ।

मिति २०६६/११/०९


पो. ब. नं. १५५०, सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।

**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**

**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**

**E-mail : stock@enet.com.np**

साविक नाम : नेपाल धितोपत्र विनिमय वजार लि.